# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, मंसिर २५ गते २०६१ साल (अतिरिक्ताङ्क ४१ (ग)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय विज्ञान तथा प्रविधि मन्त्री श्री बालाराम घर्तिमगर नेदरल्याण्ड्सको द हेगमा आयोजना हुने विकासका लागि विश्व उर्जा सम्मेलन २००४ मा भागलिन २०६१ साल मंसिर २५ गते त्यसतर्फ जानु भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री बाचस्पति देवकोटा अर्जेण्टिनाको ब्यूनर्सआयर्समा आयोजना हुने मौसम परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धी United Nations Framework Convention on Climate Change) को पक्ष राष्ट्रहरूको दशौं सम्मेलनमा भागलिन २०६१ साल मंसिर २५ गते त्यसतर्फ जानु भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्तले सम्हाल्नु हुनेछ ।

हुकुम बक्सेबमोजिम,  
मी.सु. पशुपतिभक्त महर्जन  
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।